# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ चावि.नपा असार ३२ गते २०७५ साल (संख्या ३०)


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

भाग-२

## सामाजिक परिचालन तथा सुशासन कार्यक्रम कार्यविधि २०७४

१. पृष्ठभूमि :

स्थानीय तहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहवाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, तथा हक, अधिकारका वारेमा चेतनशील गराई विकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम् मागलाई सम्वोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी, जवाफदेही बनाउन र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ ले दिएका अधिकार बमोजिम यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको गरिवी न्युनिकरण, सामाजिक कुसंस्कारहरुको अन्त्य र सुशासन कायम गर्नका लागी सामाजिक परिचालन तथा सुशासन कार्यक्रम बनाईएको छ। उक्त कार्यक्रम नगरपालिकाको कार्यपालिकाको बैठकले अनुमोदन गरे पश्चात लागू हुनेछ।

*२. सामाजिक परिचालन तथा सुशासन कार्यक्रमको उद्देश्य :*

यस कार्यक्रमले नगरपालिकाका वडा स्तरबाट समुदायमा हुने विभिन्न कार्यक्रम कार्यान्वयन गर्नका लागी सहयोग गर्नुका साथसाथै, वडा र नगरपालिकाको गुणस्तरीय सेवा प्रवाहमा सहयोग गरी सुशासन सुदृढीकरण गर्नमा मद्दत मिल्ने छ। यसको निर्दिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्।

१. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, वालवालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी कार्य गर्ने।

२. समाजमा विद्यमान रहेको कुसंस्कारहरु (वालविवाह, वहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, वालश्रम, मानव वेचविखन) को अन्त्य गरी सभ्य, विभेद रहित र सुरक्षित समुदायको निर्माणमा सहयोग गर्ने





३.लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीलाई सुदृढीकरण र संस्थागत गर्नमा सहयोग पुर्याउने

४. सार्वजनिक क्षेत्रवाट प्रदान गरिने सार्वजनिक सेवा र सुविधालाई प्रभावकारी वनाई यस्ता सेवाहरुमा नागरिकको पहुाच सहज गराउनु,

३.सामाजिक परिचालन तथा सुशासन कार्यक्रम गरिने स्थान :

यो कार्यक्रम चामुण्डा विन्द्रासैनी नगरपालिकाको ९ वटै वार्डहरुमा संचालन गरिने छ। यस कार्यक्रमले वडाबाट गरिने सेवा प्रवाह, सामाजिक परिचालनका कार्यक्रम जस्तैः सहभागितामुलक योजना तर्जुमा, टोल संस्थाको गठन र परिचालन, उपभोक्ता समिति गठन र परिचालनका साथसाथै नगरपालिका र वडाको सेवामा जवाफदेहिता, उत्तरदायित्व र पारदर्शितामा सुनिश्चित गर्नका लागी मद्दत पुग्ने छ।

४.सामाजिक परिचालन तथा सुशासन कार्यक्रमका लागी आवश्यक जनशक्ति र पद : यस कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरी नागरिकलाई स्थानीय सरकारको सेवा गुणस्तरीय भएको अनुभुति दिलाउनका लागी प्रत्येक ९ वटै वार्डहरुमा एक/एक जनाका दरले ९ जनाको आवश्यकता पर्ने छ। यी जनशक्तिहरु सेवा परामर्शका रुपमा रहने गरी भर्ना गरिने छन् र यीनको पद सामाजिक परिचालन तथा सुशासन कार्यकर्ता भनेर रहने छ। सोका लागी वजेट नगरपालिकाको कार्यपालिकाले व्यवस्थापन गर्नेछ।

५. सामाजिक परिचालन तथा सुशासन कार्यकर्ताको काम, कर्तव्य र जिम्मेवारी

१. सहभागितामुलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी वस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गर्ने।

२. टोल विकास संस्थाको गठन, परिचालन, सहजीकरण

३. नगरपालिका/वडा स्तरबाट संचालित आयोजनाहरुको कार्यान्वयनका लागी उपभोक्ता समितिको गठन, सहजीकरण र परिचालन

४. आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षण गरी पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्ने।

५. बाल क्लव गठन, परिचालन र तिनीहरुको क्षमता विकासका क्रियाकलाप संचालन गरी वडालाई वालमैत्री वडा वनाउनका निमित्त सहयोग गर्ने।

६. सुशासन, वातावरणमैत्री, वालमैत्री, लैंगिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन र विपत् व्यवस्थापन जस्ता अन्तरसम्वन्धित विषयहरुमा जनचेतनामुलक कार्यक्रम संचालन गर्नमा नगरपालिका र वडालाई सहयोग गर्ने।

७. अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसाग निकटतम समन्वय र सम्वन्ध विस्तार गर्ने,

८. वडा स्तरीय तथ्यांक (सामाजिक, आर्थिक, जनसांख्यिकीय, शिक्षा, स्वास्थ्य, नदीनाला, जैविक विविधता, खनिज पदार्थ आदी) संकलन गरी वडाको प्रोफाईल वनाउनमा सहयोग गर्ने।

९. लैङ्गिक उत्तरदायी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने,

१०. राष्ट्रिय अभियान जस्तैः खुला दिसामुक्त, पूर्ण खोपयुक्त, पूर्ण साक्षर, पूर्ण सरसफाई, वालमैत्री र वातवरणमैत्री

११. वालविवाह, वहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, वालश्रम, मानव वेचविखन, जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्नका लागी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

१२. व्यक्तिगत घटना दर्ता सम्वन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने

१३. सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधि गर्नमा वडालाई सहयोग गर्ने

१४. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, वालवालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको तथ्यांक संकलन गरी सामाजिक तथा आर्थिक उत्थानका कार्यक्रम संचालन गर्ने ।

१५. विभिन्न समुदायका बीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्नका लागी सहजीकरण गर्ने ।

१६. नगरपालिकाको प्रमुख, वडा प्रमुखले तोकेको सामाजिक परिचालनसम्बन्धी अन्य कार्यहरु ।

६. सामाजिक परिचालन तथा सुशासन कार्यकर्ताको योग्यताः

सामाजिक परिचालन तथा सुशासन कार्यकर्ताको योग्यता देहाय बमोजिम हुनेछ :

क. न्युनतम योग्यता मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा कक्षा १२ वा सो सरह उतीर्ण वा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको । सम्वन्धित वडाको सामाजिक तथा आर्थिक रुपमा पिछाडी परेको महिला वा पुरुषलाई प्राथमिकता दिईने छ । तर विगत देखि नै स्थानीय तहसाग काम गरी रहेकाको हकमा भने निरन्तरता दिईने छ ।

ख. उमेर २१ वर्ष पुरा भएको ४० वर्ष ननाघेको ।

ग. सामजिक परिचालन तथा सामुदायिक विकास, क्षेत्रमा कम्तीमा पनि २ वर्षको अनुभव भएको

घ. सुशासन सम्वन्धि काम गरेको (सार्वजनिक लेखापरिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण)

ङ. कुनैपनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७४/१२/३०